आज मिति २०७५/०३/२३ गते यस रामेछाप नगरपालिकाको तेस्रो नगर सभा नगर प्रमुख श्री नर बहादुर थापा मगर ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यों ।

उपस्थिती

| सि.न. | नाम,थर | पद | कार्यालय | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | नर वहादुर मगर | नगर प्रमुख | रामेछाप न.पा. | ९८५१११३८०२ | |
| २ | सृजना खड्का | नगर उप -प्रमुख | रामेछाप न.पा. | ९८४४१४८०३७ | — |
| ३ | नर वहादुर थापा क्षेत्री | वडा अध्यक्ष | १ नं.. वडा कार्यालय गोठगाँउ | ९८४४१४२०३४ | |
| ४ | निर वहादुर श्रेष्ठ | वडा अध्यक्ष | २ नं.. वडा कार्यालय देउराली | ९८४९६६५३३४ | |
| ५ | भुपालराज श्रेष्ठ | वडा अध्यक्ष | ३ नं.. वडा कार्यालय साँघुटार | ९८४४२८२७५८ | |
| ६ | टुपेन्द्र वहादुर तामाङ | वडा अध्यक्ष | ४ नं.. वडा कार्यालय हिमगंगा | ९७४४०७१७५७ | |
| ७ | भिम वहादुर तामाङ | वडा अध्यक्ष | ५ नं.. वडा कार्यालय रामपुर | ९८५४०४३९९९ | |
| ८ | धन वहादुर खड्का | वडा अध्यक्ष | ६ नं.. वडा कार्यालय ओखेनी | ९८४४२८४८९६ | |
| ९ | समिर कार्की | वडा अध्यक्ष | ७ नं.. वडा कार्यालय सुकाजोर | ९८५४०४३०११ | |
| १० | केदार कार्की | वडा अध्यक्ष | ८ नं.. वडा कार्यालय रामेछाप | ९७४१०५०५९० | |

क्रमश :

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | चन्द्र वहादुर श्रेष्ठ | वडा अध्यक्ष | ९ नं.. वडा कार्यालय ल्याँगल्याँग | ९८४४३१५५७९ | |
| १२ | रुकुम हायू | कार्यपालिका सदस्य | रामेछाप न.पा. | ९७४१०५०२७१ | |
| १३ | जमुना हायू | कार्यपालिका सदस्य | रामेछाप न.पा. | ९८२४८३४५२८ | |
| १४ | सरोज कटुवाल | कार्यपालिका सदस्य | रामेछाप न.पा. | ९८५४०४०२९२ | |
| १५ | ज्ञानुदेवी वस्नेत कार्की | कार्यपालिका सदस्य | रामेछाप न.पा. | ९८४४१३७३९९ | |
| १६ | समिता वि.क. | कार्यपालिका सदस्य | रामेछाप न.पा. | ९८६८८३२७४१ | |
| १७ | जनक राज सुनुवार | कार्यपालिका सदस्य | रामेछाप न.पा. | ९७४१०५०२७१ | |
| १८ | कविता रिसाल | कार्यपालिका सदस्य | रामेछाप न.पा. | ९८४४२५८९४४ | |
| १९ | अनिता काप्ले | कार्यपालिका सदस्य | रामेछाप न.पा. | ९८६४०१५२०६ | |
| २० | बिमल कु कठेत | वडा सदस्य | | ९८५४०४३१७६ | |
| २१ | सुर्य ब.दमाई | वडा सदस्य | | ९७४४०३७११६ | |
| २२ | शिर कुमारी श्रेष्ठ | वडा सदस्य | १ | ९७४४०४८६६८ | |
| २३ | सरिता बर्मा शाखा सार्की | वडा सदस्य | | ९८४४३८८५७२ | |
| २४ | अर्जुन कुमार पौडेल | वडा सदस्य | | ९८६०२१२३८३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | सुशील हरी बखेल | वडा सदस्य | २ | ९८४४०४४४१४ | |
| २६ | बिन्दा सार्कि | वडा सदस्य | | ९८६०४३४९७१ | |
| २७ | ~~पुर्ण ब महत~~ | ~~वडा सदस्य~~ | | ~~९८४३६३०१३६~~ | |
| २८ | हरी ब प्रधान | वडा सदस्य | | ९८४४४१५६६५ | |
| २९ | भिम कुमारी मगर | वडा सदस्य | ३ | ९८६०६५८०७३ | |
| ३० | लाल कुमारी बि क | वडा सदस्य | | ९८४४५९९७२० | |
| ३१ | रामकृष्ण थापा मगर | वडा सदस्य | | ९७४४०४२४२८ | |
| ३२ | याम ब श्रेष्ठ | वडा सदस्य | | ९८६०८३५७५३ | |
| ३३ | बिना कुमारी सुनुवार | वडा सदस्य | ४ | | |
| ३४ | दाल कुमारी बिश्वकर्मा | वडा सदस्य | | ९७४१३८३०६७ | |
| ३५ | रविन श्रेष्ठ | वडा सदस्य | | ९८४४१४८१४१<br>९८५४०४०८४० | |
| ३६ | पृथ्वी नारायण श्रेष्ठ | वडा सदस्य | ५ | ९८६९००५१४३ | |
| ३७ | लाली कुमारी तामाङ | वडा सदस्य | | ९८६४००७६१४ | |
| ३८ | डोर बहादुर पूर्वछाने म | वडा सदस्य | | ९८४४१४५३२४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | धन बहादुर घिसिङ | वडा सदस्य | ६ | ९८६१५२९०६४ | |
| ४० | रन माँया तामाङनी | वडा सदस्य | | | |
| ४१ | सुनमाँला कमिनी बि क | वडा सदस्य | | ९८६४११३२३८ | |
| ४२ | बिल बहादुर थापा | वडा सदस्य | ७ | ९८४४०४९३११ | |
| ४३ | शेर बहादुर मगर | वडा सदस्य | | ९८४४२८६९०६ | |
| ४४ | कल्याण बुढाथोकी | वडा सदस्य | | ९७५४२०३३३७ | |
| ४५ | सन्तोष कुमार तामाङ | वडा सदस्य | | ९८४११४१११२ | |
| ४६ | मंगली सर्किनी | वडा सदस्य | | | |
| ४७ | तोरण ब. शाही | वडा सदस्य | ९ | ९७४४०२३४१४ | |
| ४८ | प्रेम ब.माझी | वडा सदस्य | | | |
| ४९ | उर्मिला तामाङ | वडा सदस्य | | | |
| ५० | जन्तरी कामी | वडा सदस्य | | | |
| ५१ | इश्वर राज दाहाल | प्रमुख प्रशासकीय अधिकृत | | ९८५४०४९१११ | |

आमन्त्रीत

निर्णय नं.१ रामेछाप नगरपालिकाको आ.ब. २०७५।०७६ को लागि बार्षिक नीति, कार्यक्रम तथा बजेट देहाय बमोजिम स्वीकृत गरीयो ।

**आर्थिक विकास नीति:**

- कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि, व्यवसायीकरण र विविधिकरण गर्न सिंचाई महत्वपूर्ण माध्यम भएकोले संभावित खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन योजना सञ्चालनका लागि प्राथमिकता दिइने छ ।
- कृषिलाई रोजगारमूलक क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।
- रामेछाप नगरबासीहरुले सहज र सुपथ मूल्यमा दुग्ध पदार्थ उपभोग गर्न पाउने अवस्थाको सृजना गर्नको लागि नगर क्षेत्र भित्र दुग्ध व्यवसाय स्थापना र सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।
- जुनार उत्पादन हुने क्षेत्रको पहिचान र विकास गरी रामेछाप नगरको जुनार उत्पादनलाई **एक नगर: एक उत्पादन**को रुपमा प्रबर्द्धन गरिने छ ।
- वेमौसमी तरकारी खेती गर्नका लागि तालिम लगायतका कार्यक्रम सञ्चालन गरिने छ ।
- अर्गानिक तरकारी उत्पादन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- पानीको सदुपयोग गर्दै बेमौसमी तरकारी उत्पादनमा जोड दिईने छ ।
- व्यवसायिक कुखुरापालन, बाखापालन बंगुरपालन प्रबर्द्धन गर्न तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- मासुमा आत्म निर्भर भै स्वच्छ र सफा मासु उत्पादन र निर्यात गर्न प्रोत्साहित गरिने छ ।
- नगर क्षेत्रभित्र घरेलु उद्योग लगायतका अन्य संभावित उद्योग खोल्न आवश्यक पर्ने पूर्वाधार निर्माणमा प्राथमिकता दिइने छ ।
- लक्षित बर्गका लागि तालिम तथा क्षमता विकास गरी स्वरोजगार सिर्जना गरिनेछ ।
- किसानहरुले प्रत्यक्ष लाभ पाउने गरी कृषि फसल बीमा, पशु बीमाका लागि अनुदान कार्यक्रम लागू गरिनेछ । यसैगरी उन्नत बिउं अनुदान कार्यक्रम र कृषि तालिम संचालन, माटो परीक्षण कार्यक्रम संचालन गरिनेछ ।
- तारा खसेको पोखरी, डुकुरसिं डाँडा, लहरेनी भञ्ज्याङ्ग, साँघुटार र विटार लगायतका स्थानमा पिकनिक स्पट निर्माण गरी पर्यटकीय केन्द्रको रुपमा विकास गरिने छ ।
- वडा नं ६ र ७, भालुखोपमा भ्यू टावर निर्माणको लागि कानूनी प्रक्रिया पूरा गरी आवश्यकता अनुसारको बजेटको व्यवस्था गरिने छ ।
- वडा नं. ८, भंगेरीमा पुष्पलाल पार्क तथा हरित शहर निर्माण गर्ने नेपाल सरकारको निर्णयलाई अविलम्ब कार्यान्वयन गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।
- नगर क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई नगरको आवश्यकता अनुसार क्रियाकलाप गर्न प्रोत्साहित गरिनेछ ।
- नगरपालिका भित्रका बडाहरुमा अध्ययन गरि आवश्यकता अनुसार पिकनिक स्पट, चिल्ड्रेन पार्कहरु बनाउने नीतिहरु अवलम्बन गरिने छ ।
- नगरपालिका भित्र सुविधा सम्पन्न होटलहरु खोल्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।
- नगरवासीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनको लागि वित्तिय क्षेत्रमा सर्वसाधारण प्रत्यक्ष पहुच पुग्ने आर्थिक नीति अवलम्बन गरिने छ ।
- ऐतिहासिक पुरातात्विक महत्वमा रहेको मन्दिर संरक्षण तथा पर्यटन प्रबर्धनका लागि पहल गरिने छ ।
- हर्दिनिघाट देखी नवलपुरघाट सम्म पर्यटकीय दृष्ट्रिले राफ्टिङ्ग संचालन गर्न संभाव्यता अध्ययन गरी योजना अघि बढाईनेछ ।

नर बहादुर थापा
नगर प्रमुख

- नगर क्षेत्रमा उत्पादन हुने जडिबुटी, खनिज, काष्ठजन्य उत्पादनको अबैध निकासी रोकी आवश्यकता अनुसार नगर क्षेत्रमै प्रशोधन गरी बिक्री बितरण गरिने छ ।

**सामाजिक विकास नीति:**

- नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउन, कम्प्युटर शिक्षामा जोड दिन प्रोत्साहित गर्दै आवश्यकताका आधारमा सहयोग गर्ने नीति लिइने छ ।
- शिक्षामा नव आधुनिक प्रविधिको प्रयोग गर्न अभिभावकहरुलाई प्रोत्साहन गर्नुका साथै नगरपालिकाले सहयोग गर्ने नीति लिईने छ ।
- नगर भित्रका सबै माध्यमिक विद्यालयहरुमा स्काउट शिक्षा पुऱ्याउन प्रोत्साहन गरिने छ ।
- यस नगरमा रहेका बेरोजगार युवाहरुमा प्राविधिक ज्ञान, सीप प्रदान गरी सीपयुक्त दक्ष जनशक्ति तयार गर्न प्राविधिक शिक्षालय खोल्नको लागि पहल गरिने छ ।
- बिद्यालय क्षेत्र सुधार कार्यक्रम संचालन गरिने छ ।
- नगर भित्रका उत्कृष्ट सामुदायिक विद्यालय र सामुदायिक विद्यालयका विद्यार्थीलाई पुरस्कृत गर्ने नीति लिइने छ ।
- नगरस्तरीय कभर्ड हल निर्माण गर्ने र सबै वडाहरुमा एक वडा एक खेलमैदान निर्माण गरिने छ ।
- रामेछाप नगरपालिका तथा छिमेकी नगरपालिका र गाउंपालिकाहरुको खेलाडीहरु समावेश गराई मेयर गोल्डकप खेलकूद प्रतियोगिता गराईने छ ।
- प्रत्येक वडा कार्यालयमा एक पुस्तकालयको व्यवस्था गरिने छ ।
- गोष्ठी, सभा, भेला आदि गर्नको लागि सबै वडाहरुमा एक एक वटा सामुदायिक भवन बनाउन पहल गरिनेछ ।
- मातृशिशु स्वास्थ्य प्रवर्द्धनका लागि कम्तीमा एक वडामा एक वर्थिङ्ग सेण्टर क्रमिक रुपमा विस्तार गरिनेछ ।
- बालबालिका लगायत सामाजिक बञ्चितीकरणमा परेका समूहलाई समेटने कार्यक्रमहरु संचालन गरिनेछ । लैंङ्गिक हिंसा न्यूनीकरणका लागि कार्यक्रम संचालन गरिने छ ।
- अति कमजोर आर्थिक अवस्था भएका नगरबासीलाई स्वास्थ्य उपचारमा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
- महिला दिदीबहिनीको प्रजन्न स्वास्थ्यको ख्याल गर्दै संबेदनशील रोगहरु जस्तै पाठेघर खस्ने समस्याको लागि बिशेष प्राथमिकता दिईने छ ।
- नगरक्षेत्र भित्र लक्षित वर्गलाई सम्बोधन गर्न सेफ हाउस बनाई व्यवस्थापन गरिने छ ।
- नगर क्षेत्र भित्रका वडा र बिद्यालयहरुमा सार्वजनिक शौचालय बनाउदा महिला, बालबालिका र अपाङ्ग मैत्री बनाईने छ ।
- आयुर्वेदिक स्वास्थ्य केन्द्र स्थापना गरी सो को माध्यमबाट नगरबासीको आयुर्वेदिक औषधीमा पहुँच अभिवृद्धि गर्दै जनस्वास्थ्य प्रवर्द्धन गरिनेछ ।
- नागरिकलाई स्वस्थ्य र निरोगी बनाई राष्ट्र निर्माणमा योगदान पुऱ्याउन अभियानको रुपमा योग शिविर सञ्चालन गरिनेछ ।
- हाल भइरहेका खानेपानीका मुहानको संरक्षण गर्दै खानेपानीको समस्या भएका बस्तीका लागि लिफ्ट खानेपानी आयोजना सञ्चालन गर्न प्राथमिकता दिइने छ ।
- आकासे पानी संकलन गरी पुनः प्रयोग प्रविधि सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक घरमा शौचालय नभएका बस्तीमा नगरपालिकाबाट विकास आयोजना स्वीकृत नगरिने नीति लिइनेछ ।

- आस्था अनुसारको मठ मन्दिर तथा प्रार्थना गृहको संरक्षण र प्रवर्द्धन गरिने छ ।
- नगर क्षेत्रभित्रका लक्षित वर्ग (बालबालिका, महिला, दलित, अपाङ्ग, जनजाती, ज्येष्ठ नागरिक)को पृथक-पृथक सञ्जाल गठन गरी योजना तर्जुमा प्रक्रियामा उक्त सञ्जालहरुको भूमिका प्रभावकारी बनाइने छ ।
- लक्षित वर्गको सीप विकास, क्षमता विकास, सशक्तिकरण, आयआर्जनका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।
- सार्वजनिक स्थानमा धुम्रपान, मध्यपान, लागू औषधि जस्ता कुलतलाई निरुत्साहित गरिदै लैजाने छ । नीति अवलम्बन गरिने छ ।
- लोपोन्मुख हायु जातिको भाषा संरक्षण गर्दै संग्राहलयको स्थापना गरिने छ । साथै नगर क्षेत्र भित्र रहेका बिभिन्न जातजातिहरुका कला, संस्कृति संरक्षण र संग्राहलयको स्थापना गर्दै लगिने छ ।
- लोपोन्मुख बर्ग हायूको भाषा, संस्कृतिको प्रवर्द्धनकोलागि हायू भाषाको पाठ्यक्रम तयार गरिनेछ ।
- खानेपानीको लागि बिशेष लगानी भएका आयोजनाहरु सम्पन्न गरिने छ ।
- खानेपानी र सिंचाईको बिकास र ब्यवस्थापन गर्न पुर्ब योजना तथा गुरुयोजना तयार गरि आए बजेटमा प्राथमिकता गरिने छ ।

**पूर्वाधार विकास नीतिः**

- नगरपालिकाको वडा नं. ९ भिमसेनथान बाट मरिनघाट हुदै कोलोञ्जोर घाट, साँघुटार हुदै लर्कुदोभान, गोगनेडाँडाँ, देउराली, गणेशटार, भालुखोप, रामेछाप सम्मको सडकलाई नगरस्तरीय चक्रपथ निर्माण गर्ने प्रदेश सरकारसँग अनुरोध समेत गरी कार्यारम्भ गरिने छ ।
- पुष्पलाल पार्क देखि कोलोञ्जोरघाट सम्मको सडकलाई नगरको गौरबको योजनाको रुपमा कार्यान्वयन गरिने छ । यस देखि बाहेक अन्य सडकहरु नगरस्तरीय र वडास्तरमा संचालन हुनेछन ।
- रामेछाप नगरपालिकाको निर्माणाधीन भवन सम्पन्न गर्न, कार्यालय भवन नभएका वडाहरुमा कार्यालय भवन निर्माण गर्न, निर्माण कार्य सम्पन्न हुन बाँकी वडा कार्यालयको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।
- रामेछाप नगरपालिका क्षेत्र भित्रका सडक विकासकालागि सडक गुरुयोजना तयार गरि लागू गरिनेछ ।
- वडा स्तरीय योजना छनौट गर्दा न्यूनतम् रु. ५ लाखको मात्र छनौंट गरि कार्यान्वयन तर्फ शुरुवात गरिने छ ।
- यस नगर क्षेत्रभित्र निम्न नगरस्तरीय महत्वका आन्तरीक आयश्रोत बृद्धि हुने खालको सडक निर्माण गर्न प्राथमिकता दिइने छ ।
- नगरबासीहरुलाई यातायात आवागमन सहजताका लागि निम्न स्थानहरुमा मोटरेवल पुल निर्माण गर्न प्रदेश सरकार संग अनुरोध गरिनेछ ।
  - फलाटे खोला, वडा नं. ४
  - फुन्द्री खोला, वडा नं. ४
  - फेमेटार लिखुखोला, वडा नं. ४
  - चुकियाघाट सुनकोशी, वडा नं. ५
  - राताटाहार सुनकोशी, वडा नं. ९
  - विर्ताटार सुनकोशि, वडा नं. ७

नर बहादुर थापा मगर
नगर प्रमुख

- यस नगरपालिकाको आन्तरिक आय अति नै कम भएकोले आयस्रोतमा बृद्धि गर्नको लागि रामेछाप बजारमा सपिङ कम्प्लेक्स निर्माण गर्न आवश्यक व्यवस्था गरिने छ ।
- व्यवस्थित सहरीकरणकालागि उपयुक्त स्थानको पहिचान गरी जग्गा एकीकरण आयोजना सञ्चालन गरिनेछ ।
- नगरबासीहरुलाई आवागमन सहजताकालागि नगर बस सञ्चालनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- उर्जा, लघु तथा साना जलविद्युतको संभाव्यता अध्ययन गरी निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- नयां अनुसन्धानमा आएको ड्रिल खानेपानीको संभाव्यता अध्ययन गराई खानेपानी आपूर्ति गर्नका लागि पहल गरिने छ ।
- नगर क्षेत्रभित्रका सम्पूर्ण स्थानहरुमा सञ्चार सम्पर्क गर्न सक्ने व्यवस्था गर्न नेपाल टेलिकम सँग समन्वय गरी आवश्यक व्यवस्था गरिने छ ।
- नगरपालिका भित्रको प्रत्येक वडामा आवश्यकता अनुसार बजारीकरण गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- बाह्रै महिनामा सहजता पूर्वक यातायात संचालनको व्यवस्था गरिने छ ।
- मुख्य मुख्य स्थानमा सार्वजनिक शौचालयको निर्माण गरिने छ ।
- भीमसेनथान मन्दिरको गुरु योजना बनाईने छ । पुष्पलाल पार्क निर्माणका लागि पहल गरिनेछ ।
- पर्यटकीय पदमार्गहरुको पहिचान गरी प्रवर्द्धन गरिने छ ।
- सडक मापदण्डलाइ र राष्ट्रिय भवन संहितालाई कडाईका साथ पालना गरिने छ ।
- संभाव्यता अध्ययन गरी नगरपालिकाको केही स्थानहरुमा हेलिप्याड निर्माण कार्यको प्रारम्भ गरिने छ ।
- नगर क्षेत्र भित्रका वडा र विद्यालयमा सार्वजनिक शौचालय बनाउदा महिला, बालबालिका तथा अपाङ्ग मैत्री बनाईने छ ।
- आन्तरिक तथा वाह्रय पर्यटक प्रबर्द्धन गर्दै रोजगारी श्रृजना गर्न होमस्टे खोल्न प्रोत्साहन गरिने छ ।
- अन्तरपालिकाहरु संग समन्वय गरी पर्यटकीय क्षेत्र विकासका लागि संभाव्यता अध्ययन गरी गुरु योजना बनाउन पहल गरिने छ ।
- रामेछाप बजारमा व्यवस्थित बसपार्कको निर्माण गर्दै अन्य वडाहरुमा पनि बसपार्क संभाव्यता अध्ययन गरी कार्यान्वयन गरिने छ ।

**वातावरण तथा विपद् व्यवस्थापन नीतिः**

- प्रदुषण रहित खोला नाला हराभरा बनजंगल र स्वच्छ बातावरण को विकास गर्दै लगिने छ ।
- खुला स्थानहरुमा वृक्षारोपण गर्दै जाने र सडकका दाँयाबाँयामा वातावरण अनुकूल विरुवा क्रमशः वृक्षारोपण गर्दै जाने नीति लिइने छ ।
- बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने भू-क्षयीकरणलाई रोकथाम गर्नको लागि जोखिमयुक्त स्थानहरुमा तटबन्ध निर्माण लगायतका उपायहरु अवलम्बन गरिने छ ।
- फोहोरमैला व्यवस्थापन अन्तर्गत फोहोरमैला प्रशोधन केन्द्र स्थापनाका लागि उचित स्थानमा जग्गाको व्यवस्था गरिने छ ।
- फोहोरलाई स्रोतमा नै न्यूनीकरण गर्न, पृथकीकरण गर्न, पुनःप्रयोग गर्न कार्यक्रम सञ्चालन गरिने छ ।
- सबै वडाको भित्र रहेको बजारहरुमा ढल निकासको प्रबन्ध गर्दै फोहरमैला ब्यबस्थापन गरिनेछ ।

- फोहोरमैला व्यवस्थापनमा उत्कृष्ट नगरपालिकाहरुमा अध्ययन अवलोकन भ्रमण गरी असल अभ्यासहरुको अनुकरण गरिने छ ।
- फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने सवारी साधन, उपकरण आदिको व्यवस्था गरिने छ ।
- विपदको बेला सुरक्षित रहन सकिने सेल्टर र सार्वजनिक भवन एउटा प्रत्येक वडामा हेलिप्याड निर्माण गर्न प्रयास गरिनेछ ।
- बर्षे पानी संकलनका साथै पानीको मुहान संरक्षणमा जोड दिईने छ ।
- धुवां रहित सुधारिएको चुल्हो प्रवर्द्धन गरी महिलाको स्वाथ्यमा सुधारका साथै इन्धन बचतको उपाय अपनाईने छ ।
- जल उत्पन्न प्रकोपका लागि सजगता अपनाई यसबाट पर्न जाने प्रभाव नियन्त्रणका लागि साझेदार संस्था संग सहकार्य गरिने छ ।
- नगर प्रहरी भर्ना गरी नगरलाई बातावरणीय स्वच्छता कायम गर्दै यातायात व्यवस्थापन गरिने छ ।
- बातावरण बिनाश र भू क्षय नहुने गरी सडकहरुको ट्रेक ओपन र स्तरोन्नति गरिनेछ । बातावरण संरक्षण र हरित शहर निर्माणमा जोड दिईने छ ।
- रामेछाप नगरपालिका जलवायु परिवर्तको असरबाट प्रत्यक्ष रुपमा प्रभावित भएको,पानीको मुहानहरु सुक्दै गई रहेको हुंदा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि साझेदारहरु संगको सहकार्य सहित जोड दिईनेछ। यस्तो समस्या समाधानकालागि प्रदेश सरकार र संघीय सरकारमा समेत बिशेष अनुरोध गरिनेछ ।
- एक वडा एक नर्सरीहरुको स्थापना गरी सघन रुपमा बृक्षारोपण गर्ने कार्यलाई अगाडि बढाईने छ ।
- लोपोन्मुख बन्यजन्तु सालकको संरक्षण गर्न साझेदार निकायहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाह:**

- यस नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा छिटो, छरितो र प्रभावकारी बनाउन विद्युतीय सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।
- रामेछाप नगरपालिकाका पदाधिकारीहरुका लागि स्थानीय तह सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपभोक्ता समितिका पदाधिकारीहरुका लागि आयोजना निर्माण प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाका कर्मचारीहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन, व्यवस्थित सहरीकरण, पर्यटन प्रवर्द्धन, सेवा प्रवाह आदि क्षेत्रमा नमूना तथा उल्लेखनीय कार्य गर्ने नगरपालिकाहरुमा अध्ययन तथा अवलोकन भ्रमण गरी प्राप्त असल अभ्यास लाई अनुकरण गरिनेछ ।
- जनचाप बढी हुने कार्य तथा समयमा सेवा प्रवाह गर्दा टोकन प्रणाली अवलम्बन गरिनेछ ।
- कर्मचारीहरुको लागि इलेक्ट्रोनिक हाजिरी व्यवस्था गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालयमा सि. सि. क्यामेरा जडान गरिनेछ ।
- सरकारी सेवा सुविधा प्रदान गरिने निकायमा दक्षता जवाफदेहिता पारदर्शिता प्रभावकारीता र भ्रष्टाचार मुक्त शासन सुनिश्चीत गर्नु नगरपालिकाको आधारभुत नीति हुनेछ ।
- रामेछाप अस्पताललाई भरपर्दो र सुबिधाजनक बनाईने छ ।

...दुर थापा मगर
नगर प्रमुख

- नगर तथा वडामा आवश्यक कर्मचारी पूर्ति गरिनेछ र कर्मचारीहरुको कार्य बिवरण तोकिने छ। जिम्मेवारी बहन गर्ने कर्मचारीलाई नगरपालिकाको क्षमता हेरी थप सुविधा दिईने छ।
- पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिमको संचालन गरिनेछ।
- विषयगत क्षेत्रमा काम गर्ने कर्मचारी लगायत अन्य समूहहरुलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।
- कार्यालय समयमा जनप्रतिनिधिलाई पनि पोशाकको अनिवार्यता गरिनेछ।
- सामाजिक सुरक्षा वितरण प्रणाली र व्यक्तिगत घटना दर्ता पद्धतिलाई प्रभावकारी र सूचनामैत्री बनाईनेछ।
- बजार अनुगमनलाई तीब्रता दिईनेछ।
- न्यूनतम आवश्यक विभिन्न कानूनहरु (ऐन, नियम र कार्यविधि) निर्माण गरिनेछ।
- सहकारी संस्थाहरुको लागि बिशेष प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ। साथै वडा वडामा टोल विकास समिति गठन गरी स्वास्थ्य, शिक्षा र बातावरणीय चेतना अभिबृद्धि गरिनेछ। टोल बिकास समितिको कार्यबिधि बनाई लागू गरिनेछ।
- वित्तीय व्यवस्थापन र सुशासन कायम गरिने छ।
- रामेछाप नगरक्षेत्र भित्रका सबै नगरबासीहरुलाई करको दायरामा ल्याउन एकिकृत सम्पति कर लागु गरिनेछ।
- अति विपन्न, अशक्त, अपाङ्ग, एकल महिलाका लागि नक्सा पास विद्युत खानेपानी जस्ता दस्तुर र व्यवसाय करमा सहुलियत दिने नीति लिइनेछ।
- बजार क्षेत्र र ग्रामीण क्षेत्रमा राजस्व परिचालन न्यायोचित रुपमा गरिनेछ।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षणको माध्यमबाट जनताप्रतिको जवाफदेहिता प्रबर्द्धन गरिनेछ।
- बेरुजु फर्स्यौटका लागि कानुनी प्रक्रिया अगाडी बढाइनेछ।
- बेरुजु रहने अवस्थाको अन्त्य गर्नको लागि पेश्की शुन्य नीति अवलम्बलन गरिने छ।
- कुनैपनि बस्तीमा नगरपालिकाको विकास योजना कार्यान्वयनको लागि सम्झौता गर्नु अघि उक्त बस्तीका सबै नागरिकहरुको नाममा बेरुजु नरहेको सुनिश्चित गरी सो रकम फछ्यौट नभए सम्म नया योजना स्वीकृत गरिनेछैन।
- नगरपालिकाको सार्वजनिक जग्गा जमिनको लगत संकलन गर्ने र सार्वजनिक जग्गा जमिन अतिक्रमण गरि घर टहरा निर्माण गर्न निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

नर बहादुर थापा मगर
नगर प्रमुख

# आ. व. २०७५/७६ को बजेट

| क्र.सं. | आय शिर्षक | स्थान | क्षेत्रगत रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | आन्तरीक आय | | | ३०००००० |
| २ | राजस्व बाडफाडबाट प्राप्त | | | ७६३७६००० |
| ३ | वित्तिय समानिकरण निशर्त अनुदान | | | १६१९००००० |
| ४ | सशर्त अनुदान | | | २१३८००००० |
| ५ | अनुदानमा (समपुरक/विशेष कोष र सडक बोर्ड), लागत सहभागीता | | | ४५००००० |
| ६ | सामाजिक सुरक्षा भत्ता | | | ९००००००० |
| ७ | समपुरक तथा विशेष अनुदान केन्द्र सरकार | | | १००००००० |
| ८ | समपुरक तथा विशेष अनुदान प्रदेश सरकार | | | १००००००० |
| ९ | सडक बोर्ड अनुदान | | | ५०००००० |
| | जम्मा | | | ५७४५७६००० |
| **क्र.सं.** | **व्यय शिर्षक** | **स्थान** | **क्षेत्रगत रकम** | **जम्मा रकम** |
| १ | चालु खर्च (सञ्चालन खर्च ) | | | ६९५००००० |
| २ | पुँजिगत खर्च (नगरपालिकाको नया भवन व्यवस्थापन खर्च) | | | १०५००००० |
| ३ | समपुरक कोष (विभिन्न नयाँ योजना सहभागिता सञ्चालन खर्च) | | | ३०००००० |
| ४ | विशेष कोष | | | ५०००००० |
| | कर्मचारी कल्याण कोष | | ३००००० | |
| | मर्मत संभार विशेष कोष | | १७००००० | |
| | महिला तथा समाजिक समावेशीकरण विशेष कोष | | ५००००० | |
| | विपद् व्यवस्थापन विशेष कोष | | २५००००० | |
| ५ | खानेपानी | | | २००००००० |
| | गोगनडाँडाँ, साउने गाँउ, गोठगाँउ बिर्ता खानेपानी योजना | वडा नं.१ | १०००००० | |
| | खानेपानी मर्मत तथा बिस्तार | वडा नं २ | १४००००० | |
| | थाक्ले बेशि लिफ्ट खानेपानी योजना | वडा नं.३ | २४००००० | |

| | | | | |
|---|---|---|---|---|
| | तिलबारी लिफ्ट खानेपानी योजना (क्रमागत) | वडा नं.४ | २९००००० | |
| | लाम्पाते लिफ्ट खानेपानी योजना होदिल (क्रमागत) | वडा नं.६ | ३९००००० | |
| | खिर्रेपानी भालुखोप देबीथान कार्कीटोल, ढिपीडाँडाँ, बरडाँडाँ मुडाजोर खानेपानी योजना | वडा नं.७ | २४००००० | |
| | डुम्रिखर्क, डुम्रिबोट सल्ले खानेपानी लिफ्ट योजना (क्रमागत) | वडा नं.८ | २०००००० | |
| | खानेपानी योजना मर्मत | वडा नं ८ | ९००००० | |
| | खानेपानी योजना मर्मत तथा बिस्तार | वडा नं ९ | ६००००० | |
| | खानेपानी योजना मर्मत प्रति वडा ५/५ लाख | वडा नं. २, ३, ४, ६, ७ | २५००००० | |
| ६ | सडक तथा सडक निर्माण | | | ४९९७५००० |
| ६१ | नगर गौरवको योजना | | | |
| | पुष्पलाल पार्क देखि कोलोञ्जोर घाट | वडा नं. ८ देखी ७, ६ र ५ | १३०००००० | |
| ६२ | अन्य नगर स्तरीय सडकहरु | | २२०००००० | |
| | खोल्मा गाँउ डाँडाँ देखि ककेरा हुदै चण्डेश्वरी मा.बि.(स्तरोन्नति) | वडा नं १ | १५००००० | |
| | लेखडाँडाँ लाम्टे गोगने (ट्र्याक ओपन) | वडा नं.१ र २ | २०००००० | |
| | शितला मा.बि लाम्टे बस्नेत गाँउ कात्तिके सडक (ट्र्याक ओपन) | वडा नं. २ | २०००००० | |
| | चण्डी डाँडाँ देखि कमलाबारी रिठ्ठाबोट नेवारटोल हुदै थाक्ले डाँडाँ (स्तरोन्नति) | वडा नं ३ | १५००००० | |
| | फोन्द्री खोला खुर्सानी डाँडाँ बोलङ्गबोलङ्ग फेमेटार (स्तरोन्नति र ट्रेक ओपन) | वडा नं ४ | ३०००००० | |
| | काभ्रे रामपुर बसन्तपुर चुकियाघाट (स्तरोन्नति) | वडा नं ५ | २०००००० | |
| | च्याँस्कु डाङ्गसिङ्गटार धनेघाट (ट्रेक ओपन) | वडा नं ६ | २५००००० | |
| | हस्पिटल चोक मुढाजोर बिर्ता हुदै धनेघाट (स्तरोन्नति र ट्रेक ओपन) | वडा नं ७ | २०००००० | |
| | भेटेरीनरी लामागाँउ वादी सिमन्टी डुडे भोटेटाहार (स्तरोन्नति र ट्रेक ओपन) | वडा नं ८ | २५००००० | |

बहादुर थापा मगर
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | भिमसेनथान च्यूरिबोट मरिनघाट (ट्रेक ओपन) वडा स्तरीय मापदण्ड कायम गर्ने | वडा नं ९ | ३०००००० | |
| ६.३ | वडा स्तरका सडक | | १४९७५००० | |
| | ट्र्याक ओपन, स्तरोन्नति, निर्माण र मर्मत संभार | वडा नं १ | १६७५००० | |
| | ट्र्याक ओपन, स्तरोन्नति, निर्माण र मर्मत संभार | वडा नं. २ | १६७५००० | |
| | ट्र्याक ओपन, स्तरोन्नति, निर्माण र मर्मत संभार | वडा नं ३ | १६७५००० | |
| | ट्र्याक ओपन, स्तरोन्नति, निर्माण र मर्मत संभार | वडा नं ४ | १६७५००० | |
| | ट्र्याक ओपन, स्तरोन्नति, निर्माण र मर्मत संभार | वडा नं ५ | २२५०००० | |
| | ट्र्याक ओपन, स्तरोन्नति, निर्माण र मर्मत संभार | वडा नं ६ | १६७५००० | |
| | ट्र्याक ओपन, स्तरोन्नति, निर्माण र मर्मत संभार | वडा नं ७ | १६७५००० | |
| | ट्र्याक ओपन, स्तरोन्नति, निर्माण र मर्मत संभार | वडा नं ८ | १६७५००० | |
| | ट्र्याक ओपन, स्तरोन्नति, निर्माण र मर्मत संभारका | वडा नं ९ | १०००००० | |
| ७ | विषयगत कार्यालय अन्तरगतका कार्यक्रम | | | १७५००००० |
| ७.१ | शिक्षा | | ५७००००० | |
| | नव आधुनिक प्रबिधि (Talking Teacher) नगर क्षेत्र भित्रका सबै विद्यालयमा ECD देखि कक्षा ५ सम्मका लागि कक्षा ब्यबस्थापन सहित | | ५७००००० | |
| ७.२ | स्वास्थ्य | | ५८००००० | |
| | जिल्ला अस्पताल र स्वास्थ्य चौकीहरुमा औषधी खरिद | | २५००००० | |
| | महिला स्वास्थ्य स्वयम सेबिकाहरुलाई यातायात खर्च र भत्ता | | ५००००० | |
| | जिल्ला अस्पताल, बर्थिङ्ग सेन्टर र शहरी स्वास्थ्य केन्द्रमा काम गर्ने कर्मचारीहरुको तलब भत्ता | | २८००००० | |

बहादुर थापा मगर
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ७.३ | कृषि तथा पशु तर्फ | | ६०००००० | |
| | कृषि आधुनिकीकरण कार्यक्रम, फसल बीमा लगायतका कार्यक्रम संचालन | | ५००००० | |
| | पुश बिमा कार्यक्रम, औषधि खरिद र नश्ल सुधार | | ५००००० | |
| | बाखापालन पकेट क्षेत्र | १ | ५००००० | |
| | मसला बाली पकेट क्षेत्र विस्तार | २ | ५००००० | |
| | माछापालन | ३ | १०००००० | |
| | बाखापालन बोयर पकेट क्षेत्र बिस्तार | ४ | ५००००० | |
| | बाखापालन पकेट क्षेत्र बिस्तार | ५ | ५००००० | |
| | बाखापालन बोयर पकेट क्षेत्र बिस्तार | ६ | ५००००० | |
| | बंगुरपालन | ७ | ५००००० | |
| | बाखापालन बोयर पकेट क्षेत्र बिस्तार | ८ | ५००००० | |
| | बाखापालन बोयर पकेट क्षेत्र बिस्तार | ९ | ५००००० | |
| ८ | सिंचाई | | | ५०००००० |
| | सिंचाई कार्यक्रम | वडा नं १ | ५००००० | |
| | सिंचाई कार्यक्रम | वडा नं. २ | ५००००० | |
| | सिंचाई कार्यक्रम | वडा नं ३ | ५००००० | |
| | सिंचाई कार्यक्रम | वडा नं ४ | ५००००० | |
| | सिंचाई कार्यक्रम | वडा नं ५ | ५००००० | |
| | सिंचाई कार्यक्रम | वडा नं ६ | ५००००० | |
| | सिंचाई कार्यक्रम | वडा नं ७ | ५००००० | |
| | सिंचाई कार्यक्रम | वडा नं ८ | ५००००० | |
| | सिंचाई कार्यक्रम | वडा नं ९ | १०००००० | |
| ९ | विद्युतिकरण | | | ४२००००० |
| | विद्युत तार खरिद | वडा नं १ | २००००० | |
| | फलाटे खोला देउराली लिफ्ट खानेपानी बिद्युतिकरण | वडा नं. २ | १०००००० | |
| | ढाड टोल बगुवा बेसी विद्युत पोल तार खरिद | वडा नं ३ | ३००००० | |
| | हिमगंगा विद्युत तार पोल खरिद | वडा नं ४ | १०००००० | |
| | रामपुर विद्युत पोल तार खरिद | वडा नं ५ | ३००००० | |
| | ओखेनी विद्युत पोल तार खरिद | वडा नं ६ | ३००००० | |

| | | | | |
|---|---|---|---|---|
| | सुकाजोर विद्युत पोल तार खरिद | वडा नं ७ | ३००००० | |
| | राताटार बिद्युतिकरण सिंचाई | वडा नं ९ | ३००००० | |
| | नगर स्तरीय विद्युतिकरण | | ५००००० | |
| १० | लक्षित कार्यक्रम | | | १३०००००० |
| | मेयर गोल्ड कप | | १०००००० | |
| | वडा नं.१ गोठगाँउ | | ७५३००० | |
| | वडा नं.२ देउराली | | १०२२००० | |
| | वडा नं.३ साँघुटार | | ७३५००० | |
| | वडा नं.४ हिमगंगा | | १३३३००० | |
| | वडा नं.५ रामपुर | | १२८७००० | |
| | वडा नं.६ ओखेनी | | १०९९००० | |
| | वडा नं.७ सुकाजोर | | १११०००० | |
| | वडा नं.८ रामेछाप | | ११४३००० | |
| | वडा नं.९ ल्याँगल्याँग | | ४९६००० | |
| | नगर स्तरीय कार्यक्रम | | ३०२२००० | |
| ११ | न.पा. भवन तथा वडा कार्यालय भवन | | | १५३००००० |
| | नगर पालिका भवन | | १०००००० | |
| | वडा कार्यालय भवन | वडा नं.३ | २२५०००० | |
| | वडा कार्यालय भवन | वडा नं. ७ | २२५०००० | |
| | केवलेश्वर आधारभूत विद्यालय | वडा नं. ८ | ८००००० | |
| १२ | एक वडा एक उद्योग स्थापना | | | ५०००००० |
| | गोठगाँउ मसला उद्योग | वडा नं १ | ५००००० | |
| | देउराली खरायोपालन संकलन तथा पश्मिना उद्योग स्थापना | वडा नं. २ | ५००००० | |
| | साँघुटार डेरी उद्योग | वडा नं ३ | ५००००० | |
| | हिमगंगा अर्गानीक तरकारी खेती | वडा नं ४ | ५००००० | |
| | रामपुर उद्यमी कोसेली घर | वडा नं ५ | ५००००० | |
| | ओखेनी जुस उद्योग | वडा नं ६ | ५००००० | |
| | सुकाजोर जुस उद्योग | वडा नं ७ | ५००००० | |
| | रामेछाप कोशेली घर स्थापना | वडा नं ८ | ५००००० | |
| | कुखुरापालन उद्योग | वडा नं ९ | ५००००० | |

बहादुर थापा मगर
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | साँघुटार तल्लो बजार व्यबस्थापन समपुरक अनुदान र बिशेष कोष | वडा नं ३ | ५००००० | |
| १३ | पर्यटन प्रवर्धन | | | ८८००००० |
| | गोठगाँउ आहाले गैरा पर्यटन स्थल गोठपानी महादेव मन्दिर | वडा नं १ | ७००००० | |
| | देउराली पर्यटन प्रवर्द्धन पिकनिक स्पोट र मन्दिर निर्माण | वडा नं. २ | ७००००० | |
| | साँघुटार कृष्ण मन्दिर निर्माण | वडा नं ३ | ७००००० | |
| | हिमगंगा घुमाउने पोखरी पिकनिक बिकास क्षेत्र | वडा नं ४ | ७००००० | |
| | रामपुर मानेडाँडाँ पिकनिक स्थल व्यवस्थापन | वडा नं ५ | ७००००० | |
| | ओखेनी गणेशटार गणेश मन्दिर निर्माण, होदिल पञ्चकन्या मन्दिर | वडा नं ६ | ७००००० | |
| | सुकाजोर महाकाली शिवमन्दिर दुर्गा मन्दिर व्यवस्थापन | वडा नं ७ | ७००००० | |
| | रामेछाप मठ मन्दिर निर्माण र निवा धावा गुम्वा व्यवस्थापन | वडा नं ८ | ७००००० | |
| | ब्रम्ह कुमारी राजयोग सेवां केन्द्र आध्यात्मिक संग्राहलय | वडा नं ८ | ८००००० | |
| | भिमसेन थान परिसर निर्माण | वडा नं ९ | ७००००० | |
| | ताराखसे पोखरी व्यवस्थापन र पर्यटन प्रवर्द्धन समपुरक कोष | वडा नं ७ | १५००००० | |
| | नगर स्तरीय पर्यटन कार्यक्रम | | २००००० | |
| १४ | प्रवर्द्धनात्मक योजना | | | ३०००००० |
| | कभर्ड हल निर्माण (केन्द्र पर्ने गरि) | वडा नं.१, २ र ३ | १०००००० | |
| | कभर्ड हल निर्माण सुकाजोर | वडा नं. ७ | १०००००० | |
| | अन्य प्रवर्धनात्मक कार्यक्रम | | १०००००० | |
| १५ | फोहेरमैला व्यवस्थापन | | | २०००००० |
| १६ | बातावरण संरक्षण तथा हरित शहर निर्माण जलबायू परिवर्तन | | | १०००००० |
| १७ | सहकारी प्रवर्धन | | | ५००००० |
| १८ | विकास संकट व्यवस्थापन | | | ५००००० |
| १९ | रणनितिक योजना कार्यान्वयन | | | ५००००० |

बहादुर थापा मगर
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २० | संस्थागत विकास, सेवा प्रवाह, वित्तिय व्यवस्थापन र सुशासन | | | १००१००० |
| २१ | अन्य सार्वजनिक निर्माण | | | ५०००००० |
| २२ | कानुनी साक्षरता | | | १०००००० |
| | **जम्मा** | | | **२४१२७६०००** |
| २३ | सशर्त अनुदान | | | ० |
| | उर्जा | | | २३३६००० |
| | कृषि | | | १६४८००० |
| | पशु स्वास्थ्य | | | १९४९००० |
| | बाताबरण | | | ४१४००० |
| | जेष्ठ नागरीक | | | १३०००० |
| | बालबालिका | | | ५३००० |
| | महिला | | | १२४२००० |
| | खेलकुद | | | १००००० |
| | शिक्षा | | | १५००४२००० |
| | स्वास्थ्य | | | ५५८८६००० |
| २४ | लागत सहभागीता | | | ४५००००० |
| २५ | समपुरक तथा विशेष अनुदान केन्द्र सरकार | | | १००००००० |
| २६ | समपुरक तथा विशेष अनुदान प्रदेश सरकार | | | १००००००० |
| २७ | सडक बोर्ड अनुदान | | | ५०००००० |
| २८ | सामाजिक सुरक्षा भत्ता | | | ९०००००० |
| | **कुल जम्मा** | | | **५७४५७६०००** |

नर बहादुर थापा मगर
नगर प्रमुख

# आर्थिक वर्ष २०७५।७६ को चालु तर्फ को विनियोजन बजेट

| क्र.स. | बजेट खर्च शीर्षक | शिर्षक | रकम |
|---|---|---|---|
| १ | २११११ | तलब | २२०००००० |
| २ | २१११२ | पारिश्रमिक जनप्रतिनिधि | ५९५०००० |
| ३ | २११३१ | स्थानीय भत्ता | ९५०००० |
| ४ | २११३२ | महंगी भत्ता | १०००००० |
| ५ | २११३९ | अन्य भत्ता | ७५००००० |
| ६ | २११२१ | पोशाक | १५००००० |
| ७ | २२१११ | पानी तथा बिजुली | ८००००० |
| ८ | २२११२ | संचार महशुल | १०००००० |
| ९ | २८१४२ | घर भाडा | ६००००० |
| १० | २८१४९ | अन्य भाडा | ६००००० |
| ११ | २२२१२ | इन्धन | १५००००० |
| १२ | २२२१३ | सवारी साधन मर्मत | ८००००० |
| १३ | २२२९१ | अन्य सम्पत्तिको मर्मत सम्भार मर्मत | ७००००० |
| १४ | २२२१४ | बिमा | ५००००० |
| १५ | २२३११ | कार्यालय सम्बन्धि खर्च | ७०००००० |
| १६ | २२४११ | सेवा परामर्श | ३०००००० |
| १७ | २२४१९ | करार सेवा शुल्क | ५५००००० |
| १८ | २२५१२ | तालिम तथा गोष्ठि | २३००००० |
| १९ | २२६११ | अनुगमन तथा मुल्यांकन | ३५००००० |
| २० | २२६१२ | भ्रमण खर्च | ३००००० |
| २१ | २२७११ | बिबिध | १५००००० |
| २२ | २८९११ | भैपरि आउने चालु खर्च | १०००००० |
| जम्मा | | | ६९५००००० |

| पूजिगत | | | |
|---|---|---|---|
| १ | ३१११५ | फर्निचर तथा फिक्चर्स | ४०००००० |
| २ | ३११२१ | सवारी साधन | २५००००० |
| ३ | ३११२२ | मेसिनरी औजार | ४०००००० |
| जम्मा | | | १०५००००० |

नर बहादुर थापा मगर
नगर प्रमुख

निर्णय नं.२ यस नगरपालिकाको राजश्व परामर्श समितिले पेश गरेको कर दस्तुर सम्वन्धी सिफारिसको अधारमा विधेयक समितिका संयोजकले पेश गर्नु. भै नगर कार्य पालिकाले निर्णय गरे बमोजिम देहायका विधेयकहरु माथि दफावार छलफल गरी पारित गर्ने निर्णय गरीयो ।

क. रामेछाप नगरपालिकाको विनियोजन विधेयक, २०७५

ख. रामेछाप नगरपालिकाको आर्थिक विधेयकं, २०७५

ग. रामेछाप नगरपालिकाको सहकारी ऐन,२०७५लाई संशोधन गर्ने विधेयक २०७५

निर्णय नं.३ आ.ब.०७४।०७५ मा नगर सभाले स्वीकृत गरी तर्जुमा गरेको कार्यक्रमहरुमा तत् तत् कार्यक्रममा खर्च हुन नसकेको रकम नगर कार्यपालिकाले वडाको सिफारीस बमोजिम संशोधन भएका योजनाहरु र खर्चलाई समर्थन सहित स्वीकृत गर्ने निर्णय गरीयो ।

निर्णय नं.४ चालु आ.ब.०७४।०७५मा बिभिन्न शीर्षकहरुबाट आगामी आ.ब.०७५।०७६ मा रकम अ.ल्या. भई आएमा नगर कार्यपालिकाले बाँडफाँड गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

निर्णय नं.५ तेस्रो नगर सभा अगाडि नगर कार्यपालिका र नगर प्रमुखले गरेका आर्थिक सहायता लगायतका निर्णयहरु समर्थन सहित अनुमोदन गर्ने निर्णय गरीयो ।

नर बहादुर थापा मगर
नगर प्रमुख